नेपाल सरकार

## सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

सिंहदरवार, काठमाडौं

**प्रकाशित मिति: २०७७/५/०२**

### प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना / कार्यक्रमहरु प्रस्ताव आव्हान गरिएको सूचना

आर्थिक वर्ष २०७७/७८ को वजेट तथा कार्यक्रम अनुसार प्रदेश र स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको विकास गर्न "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" मा व्यवस्था भए वमोजिम प्रदेश सरकार र स्थानीय तहवाट आ.व. २०७७/७८ र तत्पश्चात साझेदारी मार्फत कार्यान्वयन हुने आयोजना / कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरणहरु तयार गरी २०७७ भाद्र मसान्तभित्र अनलाइन मार्फत यस मन्त्रालयमा पठाउन हुन सम्वन्धित सवै प्रदेश तथा स्थानीय तहलाई यो सूचना जारी गरिएको छ । प्रस्ताव पेश गर्दा प्रदेश सरकारको हकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट र स्थानीय तहको हकमा सम्वन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउपालिकाको कार्यपालिकाको स्वीकृतिसहित पेश गर्नु पर्नेछ । आयोजना प्रस्ताव सम्वन्धी शर्त तथा अन्य आवश्यक कागजात मन्त्रालयको वेवसाइटमा गई उक्त लिंकवाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न अनलाइन प्रणालीमा लग-इन गर्ने प्रक्रिया यस प्रकार रहेको छ :

- प्रदेश र स्थानीय तहको लागि लग-इन गर्न आवश्यक पर्ने विवरणहरु (निर्देशिका र User Manual) वेवसाइटमा राखिएको छ ।
- मन्त्रालयको आधिकारिक वेवसाइट www.tourism.gov.np मा गई **पर्यटन उपज साझेदारी कार्यक्रममा** Click गर्ने वा Browser मा गई सिधै 202.45.145.166 टाइप गरि समेत खोल्न सकिने छ.
- मन्त्रालयले उपलब्ध गराएको User name र Password प्रयोग गरी माग भएका विवरणहरु भरी प्रस्ताव पेश (Submit) गर्ने ।
- प्रदेश र स्थानीय तहको User name र Password सम्वन्धित प्रमुखलाई SMS र कार्यालयमा इमेल मार्फत उपलब्ध गराइएको छ । User name र Password प्राप्त नभएमा it@tourism.gov.np र planning@tourism.gov.np मा इमेल मार्फत सम्पर्क गर्नहुन अनुरोध छ ।

यस सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको मोवाइल नं. ९८५१३११८११ वा इमेल planning@tourism.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ ।